मिति २०७३/११/०५ गतेका दिन प्र.जि.अ. श्री नारायणप्रसाद शर्मा दुवाडीज्यूको अध्यक्षतामा बसेको जिल्लास्थित कार्यालयहरु/संस्थानहरुको प्रमुखको बैंठकमा भएको निर्णयः-

१. गृह मन्त्रालय, ६७ औं राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समिति, २०७३ को च.नं.६८२, मिति २०७३/१०/२६ को एवं निर्वाचन आयोग, नेपालको च.नं. ६४६, मिति २०७३/१०/२१ पत्रानुसार प्रथम निर्वाचन दिवस तपशिलका कार्यक्रमहरु गरी मनाउने ।

**तपशिलः-**

१. मिति २०७३ फागुन ५, ६ र ७ गते साँझ कार्यालय परिसरमा दिपावली गर्ने ।
२. ऐ. ६ गते बिहान ८:३० बजे आ-आफ्ना कार्यालय परिसरको सरसफाई गर्ने ।
३. मितिः-२०७३ साल फागुन ६ गते दिउँसो ३:३० बजे - FUTSAL Competition .
४. मितिः-ऐ.७ गते -प्रभात फेरी विहान ७:३० बजे, जिल्ला विकास समितिको कार्यालय, मकवानपुरबाट शुरु ।
५. मितिः-ऐ.८ गते - विहान ८:०० बजे, फलफुल वितरण कार्यक्रम, हेटौंडा अस्पताल ।

२. मिति २०७३/११/२ मा बसेको आ.व.०७३/७४ को १० औं सचिव बैंठकको निर्णय नं.७ को पूँजीगत खर्च बढाउने तथा राष्ट्रिय गौरवका आयोजना लगायतका सबै विकास निर्माणका आयोजनाहरुको कार्यान्वयनलाई थप तीब्रता दिने सम्बन्धित निर्णयलाई तदारुक्ताकासाथ कार्यान्वयन गर्ने साथै संग्लन बमोजिमको ढाँचामा नियमित रुपमा प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा समेत पठाउने व्यवस्था मिलाउने ।

३. जिल्ला प्रशासन कार्यालय, मकवानपुरको वेवसाईटमा राखिएको सार्वजनिक सेवा प्रवाह एवं विकास आयोजनाको जिल्लास्तरीय सुधार कार्ययोजनाको अध्ययन गरी आ-आफ्ना कार्यालयसँग सुधार क्रियाकलापहरु संचालन गरी जानकारी गराउने ।

४. पूँजीगत खर्च, बेरुजु फछ्र्यौट र सेवा प्रवाहमा गर्नु पर्ने सुधारका सम्बन्धमा आ-आफ्ना कार्यालयमा भए गरेका बिषयमा कार्यालय प्रमुखको नियमित बैंठकमा प्रस्तुत गर्ने ।

नारायण प्रसाद शर्मा दुवाडी
प्रमुख जिल्ला अधिकारी